प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**नक्टाझिज, धनुषा**

## आ व २०७८/७९को सोलार पम्प अनुदान कार्यक्रम संचालन सम्बन्धी विस्तृत सुचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०६/११

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम निजि, सार्बजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान गर्ने कार्यक्रम संचालनको लागि ईच्छुक कृषक(हरु), कृषक समुह, कृषि सहकारी संस्था, कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७८/०७/०९ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। यस कार्यक्रमको लागि अधिकतम ८५ प्रतिशत अनुदान मात्र दिईनेछ। सोलर पम्पको मांग र वजेट उपलब्धता अनुसार जिल्लागत लक्ष्य निर्धारण गरिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ।यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np र Android app DoadP2 बाट प्राप्त गर्न सकिनेछ ।

<u>पेश गर्नु पर्ने विवरण र कागजातहरु</u>

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।

२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. कृषक समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता/नविकरण भएको र स्थाई लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र। आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण।

५. मांग गरेको सोलार पम्प जडान हुने जग्गामा स्यालो ट्युवेल वा ईनार/पोखरी जस्ता पानीको श्रोतको GPS code, जग्गाधनी प्रमाणपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत।

६. कृषक समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा सोलर पम्प मांग गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि । कृषक समुह/सहकारी संस्थाको हकमा सामुहिक स्यालो टयुवेल भएको प्रमाण।

- निर्देशनालयले थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ।ती कागजात बुझाउन नसके सम्झौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी सोलर पम्प जडान गर्न अनुदान दिने सम्वन्धमा सोको सम्भाव्यता र औचित्यको आधारमा मुल्यांकन गरी निर्देशनालयले निर्णय गर्नेछ।
- प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयवाट पछि सूचना प्रकाशन गरी जानकारी गराईनेछ ।
- सोलर पम्प र उपकरणहरु यस निर्देशनालयमा सूचिकृत भएका आपुर्तिकर्तावाट खरीद गर्नु पर्नेछ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थविज्ञ श्री विकाश कुमार साह (मो.न. ९८५४०२२३७९) वा अधिकृत छैठौं श्री मोहन मिश्र (मो.न. ९८१२८७२३५१) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा

नि प्रमुख